# बारबर्दिया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया
५ नं. प्रदेश नेपाल

visit nepal 2020 Lifetime Experiences

प.स.

च.नं.

मितिः

## करारमा सेवा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७६/०५/२० गते)

बारबर्दिया नगरपालिकाको लागि जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरु तथा नगर कार्यपालिकामा रही कार्य गर्नेगरी आ.व.२०७६/७७ को लागि देहायको पद, संख्या र योग्यता भएका कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सक्कल रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । लिखित परीक्षाको पाठ्यक्रम सम्बन्धित पदका लागि लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ । दरखास्त फाराम यस कार्यालयको वेबसाइट www.barbardiyamun.gov.np मा राखिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन नं | पद | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १ | १/०७६-७७ | अ.हे.व. | १ (एक) | रु ७०० |
| २ | २/०७६-७७ | अ.न.मी | १ (एक) | रु. ७०० |
| ३ | ३/०७६-७७ | कार्यालय सहयोगी | ३ (तीन) | रु. ५०० |

### १. न्यूनतम योगयता र अनुभव :

**(क) अ.हे.व पदका लागिः**

- नेपाली नागरिक ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA कोर्स वा सो सरह उतीर्ण भएको प्रमाण पेश गर्नुपर्नेछ ।
- अनुभवको हकमा समबद्ध कार्यमा नेपाल सरकारद्वारा मान्यता प्राप्त स्वास्थ्य सँस्थामा कार्य अनुभवको प्रमाण पत्र ।
- १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।

**(ख)अ.न.मी. पदका लागि :**

- नेपाली नागरिक ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स वा सो सरह उतीर्ण भएको ।
- SBA तालिम प्राप्त गरेको हुनुपर्ने ।
- अनुभवको हकमा समबद्ध कार्यमा नेपाल सरकारद्वारा मान्यता प्राप्त स्वास्थ्य सँस्थामा कार्य अनुभवको प्रमाण पत्र ।
- १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
- नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

प्रमुख प्रशासकिय अधिकृत

(ग) कार्यालय सहयोगी पदका लागि :

- नेपाली नागरिक ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उतीर्ण गरेको ।
- कम्प्युटरको ज्ञान र सीप भएको ।
- अनुभवको हकमा समबद्ध कार्यमा नेपाल सरकारद्वारा मान्यता प्राप्त सँघ सँस्थामा कार्य अनुभवको प्रमाण पत्र ।
- १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने (महिलाको हकमा ४० वर्ष ननाघेको)।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**२. छनौटको किसिमः**

- **विज्ञापन नं १/०७६-७७ र २/०७६-७७ को हकमा सूचिकरण, लिखित र अन्तरवार्ता ।**
- **विज्ञापन नं ३/०७६-७७, को हकमा कम्प्युटर प्रयोगात्मक, सूचिकरण र अन्तरवार्ता ।**

**३.परीक्षा सम्बन्धि कार्यक्रमः**

| क्र.स. | विज्ञापन नं. | पद | परीक्षाको किसिम, मिति, समय र स्थान | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | लिखित | सुचिकरण प्रकाशन | प्रयोगात्मक | अन्तरबार्ता | स्थान |
| १ | १/०७६-७७ | अ.हे.व. | २०७६/६/७ गते विहान ८ बजे | २०७६/६/७ गते दिनको १२ बजे | ✖ | २०७६/६/७ गते दिनको २ बजे | बारबर्दिया नगरपालिकाको नगर सभा भवन, जयनगर बर्दिया |
| २ | २/०७६-७७ | अ.न.मी | २०७६/६/८ गते विहान ८ बजे | २०७६/६/८ गते विहान १२ बजे | ✖ | २०७६/६/८ गते दिनको २ बजे | |
| ३ | ३/०७६-७७ | कार्यालय सहयोगी | ✖ | २०७६/६/९ गते विहान ७ बजे | २०७६/६/९ गते विहान १० बजे | २०७६/६/९ गते दिनको ३ बजे | |

नोटः विज्ञापन नं. १ र २ को हकमा लिखित परीक्षामा उत्तीर्ण भएकालाई मात्र अन्तरवार्ता परीक्षामा सहभागी गराईनेछ ।
विज्ञापन नं. ३ को हकमा प्रयोगात्मक परीक्षामा उतीर्ण भएकालाई मात्र अन्तरवार्ता परीक्षामा सहभागी गराईनेछ ।

द्रष्टव्यः
१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि नगरपालिकाको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।
२. परीक्षा भवनमा मोबाईल फोन निषेध गरिएको छ ।
३. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।
४. परीक्षार्थीले अनिवार्य रुपमा आफ्नो प्रवेश पत्र लिई परीक्षा भवनमा जानुपर्नेछ ।

**३.पारिश्रमिक तथा अन्य सेवा सुबिधा :** नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

**५. दरखास्त दिनुपर्ने स्थानः** बारबर्दिया नगर कार्यपालिका कार्यालय, जयनगर बर्दिया ।

...................
प्रमुख प्रशासकीय अधिकृत